तारकेश्वर गाउँसभाको बैठकमा २०८१ साल असार १० गते सोमबार तारकेश्वर गाउँपालिकाको गाउँ सभा सदस्य “अशोक तामाङ” ले प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८१/८२ को बजेट बक्तव्य

तारकेश्वर गाउँपालिका

नुवाकोट

२०८१

**यस तारकेश्वर गाउँपालिकाको दशौं गाउँ सभाका अध्यक्ष ज्यू,**

**गाउँकार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सद्स्यज्युहरु, गाउँसभाका सचिब ज्यु, गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरु, सुरक्षा निकायका मित्रहरु, पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,**

तारकेश्वर गाउँपालिकाको गरिमामय गाउँ सभाको दशौं अधिवेशनमा आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट पेश गर्न उपस्थित भएको छु।

यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना तथा राजनितिक परिवर्तनको लागी बलिदान गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्रदाञ्जली व्यक्त गर्दछु । साथै घाईते योद्दा र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान र परिवार प्रति गहिरो सहानुभुती प्रकट गर्दछु ।

मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवं चनौतीलाई सम्बोधन गर्दै गाउँपालिकाको उपलब्ध श्रोत र साधनहरुको उच्चतम प्रयोग र व्यवस्थापन द्वारा तारकेश्वर गाउँपालिकाको दिगो विकास र समृद्धि प्राप्त गर्ने तर्फ अग्रसर हुने गरि बजेट तथा कार्यक्रमहरु लक्षित गरेको छु। समग्र मुलुकको अर्थतन्त्र संकुचित भएको चुनौतिपुर्ण परिस्थितिको सामाना सामुहिक प्रयासबाट मात्रै गर्न सकिने हुदाँ यसका लागि समस्त तारकेश्वरबासीलाई आवाहान गर्न चाहन्छु। आगामी बजेट तार्केश्वर गाउँपालिकाको सबलीकरण, सन्तुलित आर्थिक विकास र गाउँपालिकावासीको समुन्नती र समृद्धीको आधार निर्माणमा कोशेढुङ्गाको रुपमा रहने छ भन्ने दृढ विश्वास लिएको छु

प्रस्तुत बजेटमा **"सुखि र समृद्ध तारकेश्वरको मुख्य प्राथमिकताः कृषि, पर्यटन, स्वास्थ्य, रोजगार र प्रविधिमैत्री शिक्षा"** भन्ने नारालाई प्राथमिकताका साथ समाबेस गरेको छु ।

आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, पन्ध्रौं योजना, राष्ट्रिय तथा क्षेत्रगत नीति, स्थानिय सरकार सञ्चालन ऐन, विगतमा गाउँ सभाबाट पारित गाउँपालिकाको निति तथा कार्यक्रम, संघिय सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, चुनाबी घोषणापत्र, लगायत जनप्रतिनिधी, राजनीतिक दल, नागरिक समाज, निजि तथा गैर सरकारी क्षेत्र, विभिन्न सघं संस्था, विद्वत वर्ग, र आमनागरिकबाट प्राप्त सुझावलाई मुख्य आधार बनाएको छु ।

**गाउँ सभाका अध्यक्ष ज्यु,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको स्थितिको संक्षिप्त समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- ❖ आर्थिक वर्ष २०७९/८० को आय व्यय विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा संघिय र प्रादेशिक अनुदान,राजस्व बाडँफाड, आन्तरिक राजस्व मार्फत प्राप्त वास्तिवविक आय रकम रु ३८,१५,५०,९२५.३६ विनियोजन गरिएकोमा सोही आर्थिक वर्षको बजेट कार्यान्वयनमा विनियोजित रकम को ८३.८९% अर्थात रकम रु ३५,४१,५८,८२१.६३ खर्च भएको देखिन्छ।
- ❖ चालु आर्थिक वर्षमा संघिय र प्रादेशिक अनुदान,राजस्व बाडँफाड, आन्तरिक राजस्व मार्फत प्राप्त हुने प्रस्तावित आय रकम रु ४१,५०,८७,०००.०० विनियोजन गरिएकोमा २०८१ साल असार ९ गते सम्म वास्तिवविक आय रकम रु ३१,७१,८४,३१२.२० प्राप्त भएको र रू. ९,७९,०२,६८७.८० प्राप्त हुन बाँकी रहेको छ। हाल सम्म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा कुल विनियोजित रकम को ५८.३३% अर्थात रकम रु २४,२१,४३,८४०.२१ खर्च भएको छ।
- ❖ चालु आ.व. मा कुल विनियोजित रकम को ८० % खर्च हुने अनुमान रहेको छ।

**गाउँ सभाका अध्यक्ष ज्यु ,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु। कृषिमा उत्पादनमा आत्मनिर्भरता, वातावरणमैत्री बिकास, तथा सुशासनमैत्री सेवा प्रवाह भन्ने ध्येयका साथ प्रस्तुत बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- गाउँपालिकाको सबलीकरण र संस्थागत सुदृढीकरण तथा सुशासन प्रबर्धन गर्ने
- कृषि क्षेत्रलाई मुख्य प्राथमिकतामा राखी कृषि क्षेत्रको विकास मार्फत समृद्ध तारकेश्वरको निर्माण गर्ने।
- स्थानिय स्रोत साधन, श्रम शक्ती, पुँजी र प्रविधिको अधिकतम उपयोग र एकिकृत परिचालनबाट समग्र क्षेत्रको विकास गर्ने।
- संघीय सरकार तथा प्रदेश सरकार सँग समन्वय र सहकार्यमा आर्थिक सामाजिक पूर्वाधारमा लगानी अभिवृद्धि गर्दै उत्पादन र उत्पादकत्वमा वृद्धि गरि दिगो आर्थिक विकास गर्ने।
- आर्थिक सामाजिक रुपान्तरण गर्न लक्षित बर्गको कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय प्राकृतिक स्रोत संरक्षण र सम्वर्धन गर्ने

आगामी आर्थिक वर्षको बजेटको प्राथमिकताहरु निम्नानुसार तय गरेको छु:

- कृषि र पशुपालन क्षेत्रको प्रवर्द्धन र विकास।

- निजि तथा सहकारी क्षेत्रको सहकार्यमा स्थानिय उत्पादन बृद्दि गरी रोजगारी सिर्जना र गरिबी निवारण।
- नविनतम प्रविधि र नवप्रवर्तनमा आधारीत स्थानिय विकास।
- पर्यटन प्रवर्द्धन पुर्वाधार विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जोखिम न्युनिकरण ।
- प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्धन ।
- औद्योगिक विकास, निजि क्षेत्र प्रवर्द्धन

**गाउँ सभाका अध्यक्ष ज्यु ,**

**गाउँ सभाका सदस्य ज्युहरु,**

अब म आगामी आर्थिक बर्षको बजेटको मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**१. प्रशासनिक सञ्चालन / चालु खर्च**

सार्वजनिक सेवालाई जनमैत्री, छिटो, छरितो तथा प्रभावकारी बनाउन सार्वजनिक प्रशासनको सुधार, कर्मचारीहरुको क्षमता अभिवृद्दि सम्वन्धि तालिम कार्यक्रमहरुको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु

तारकेश्वर गाउँपालिकाको प्रशासनिक खर्च सञ्चालन गर्न तथा कर्मचारीहरुको तलव, सेवा सुविधा, पदाधिकारिको सेवा सुविधा, सवारी साधन ईन्धन, मर्मत, भाडा लगायत सम्पुर्ण खर्चको व्यवस्थापन गर्नको निम्ती रु. १० करोड विनियोजन गरेको छु ।

**कृषि र पशुपालन क्षेत्रः**

तारकेश्वर गाउँपालिकाको नविनतम प्रविधिहरुको प्रयोगबाट कृषि क्षेत्रमा रुपान्तरण गरी उत्पादन वृद्दि र कृषकहरुलाई आत्मनिर्भर बनाई व्यवसायिक कृषि तर्फ उन्मुख गराउन देहायका नीतिगत सोचका आधारमा आगामी आर्थिक बर्षको बजेट तर्जुमा गरेको छु ।

- कृषि र पशुपालन क्षेत्रका उत्पादनलाई प्राथमिकिकरण गर्दै कृषि व्यवसायिकरण मार्फत कृषि उपजहरुमा क्रमशः आत्मनिर्भरताको लागी कृषि विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- एक वडा एक उत्पादन कार्यक्रमको बजेट विनियोजन गरेको छु।
- प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गतको रैथाने बाली प्रवर्द्धन कार्यक्रमको रकम सोही शिर्षकमा विनियोजन गरेको छु।

- कृषकहरुलाई बिउ, मल, प्रविधि, जैविक मल, जैविक विषादी र सिँचाई सुविधा सरल र सहज रुपमा उपलव्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु ।
- व्यवसायिक कृषिको प्रवर्द्धन गर्दै स्थानीय कृषि उत्पादनको निर्यात गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरूप थप अनुदानको व्यवस्था गरेको छु।
- कृषि र पशुपालन क्षेत्र सँग सम्बन्धित कार्यक्रमहरुको सञ्चालन गर्न रू. ७० लाख विनियोजन गरेको छु।

## २. वन तथा वातावरण संरक्षण र पर्यटन क्षेत्र प्रवर्द्धन

वन क्षेत्रलाई जैविक विविधताको संरक्षण र पर्यटकिय उद्योगको विकास महत्वपुर्ण आधारको रुपमा विकास गरि रोजगारी तथा अन्य आय आर्जनका क्रियाकलापहरुमा सहयोग पुर्याउने लक्षित कार्यक्रमहरुको व्यवस्था गरेको छु । वातावरण संरक्षण र जलवायु परिवर्तनका नकरात्मक असरबाट बच्नका लागि वृक्षारपोण, हरियाली प्रवर्द्धन, फोहोरमैला व्यवस्थापन कार्यक्रम हरु सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

तारकेश्वर गाउँपालिकाको आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्धन गरी पर्यटन क्षेत्रहरुलाई विशेष आर्थिक क्षेत्रको रुपमा बिकास गर्न रु. ५ लाख विनियोजन गरेको छु।

## ३. **स्वास्थ्य** तथा सरसफाई

गुणस्तरिय स्वास्थ्य सेवामा सबै को सरल र सहज पहुँच सुनिश्चित गर्न तारकेश्वर गाउँपालिकाभित्रको सवै स्वास्थ्य चौकीहरुको क्षमता अभिवृद्धि र सेवा प्रवाहको क्षेत्र विस्तार गर्न विभिन्न स्वास्थ्य सम्वन्धि कार्यक्रमहरु संचालन गर्न र महामारीजन्य सरुवा रोग रोकथाम तथा नियन्त्रण गर्न रु २० लाख रकम विनियोजन गरेको छु।

## ४. शिक्षा, युवा तथा खेलकुद

युवाहरुको उद्यमशिलता, अन्तरनिहित प्रतिभा र क्षमता, रचनात्मकताको अभिवृद्धि गर्न समय सापेक्ष तालिम कार्यक्रमको व्यवस्था मिलाएको छु। खेल संस्कृतिको विकास गरि व्यवसायिक खेलाडी उत्पादन, स्थानियस्तरमा खेलाडीहरुलाई प्रोतसाहन गर्दै खेलकुद विकास गर्न खेलकुद पुर्वाधार निर्माण र खेलकुद प्रतियोगिताको लागी आवश्यक रकम बिनियोजन गरेको छु । साथै सबै विद्यालयमा नेपाल स्काउटको विस्तार गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु।

शैक्षिक गुणस्तर सुधार गरी जीवनोपयोगी र समयानुकुल प्रविधिमैत्री शिक्षा प्रदान गर्न शैक्षिक क्षेत्र सुधार कार्यक्रम सञ्चालन गर्न रु. ४० लाख बजेट विनियोजन गरेको छु ।

## ५. सामाजिक विकास (न्याय प्रणाली तथा न्याय प्रशासन सुधार, सामाजिक सुरक्षा, संरक्षण, र विकास)

तारकेश्वर गाउँपालिकावाट सम्पादन हुने न्याय प्रणालीलाई सुदृढिकरण गर्दै न्याय सेवा प्रवाहलाई छिटो, छरितो, सर्वसुलभ र  निष्पक्ष बनाउन तथा समग्र न्याय प्रणालीको क्षमता विकास सम्बन्धि कार्यक्रम सञ्चालन गर्नको निम्ती बजेटको व्यवस्था गरेको छु ।

विपन्न, जेष्ठ नागरिक, एकल महिला, फरक क्षमाता भएका व्यक्ती, आर्थिक सामाजिक तथा सांसकृतिक रुपमा सिमान्तिकृत तथा लक्षित वर्ग र समुदायको संरक्षण र उत्थानका लागि विशेष कार्यक्रम निर्माण तथा सञ्चालनको लागी आवश्यक रकम बिनियोजन गरेको छु ।

अपाङ्गता भएका व्यक्तीहरुको, महिला बालबालिका, दलित, आदिबासी जनजाती लगायत लक्षित वर्ग समुदायका लागी सिपमुलक, जनचेतनामुलक तथा आयआर्जन र जिविकोपार्जन सम्बन्धि कार्यक्रमको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

यस गाउँपालिका भित्र रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुको लागि नेपाल सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता बापतको रकम रू. ११ करोड २० लाख विद्युतिय भुक्तानी माध्यमबाट सम्बन्धित लाभग्राहीहरुकै खाता जम्मा गर्ने व्यवस्था मिलाएको छु।

सामाजिक विकास तर्फ **न्याय प्रणाली तथा न्याय प्रशासन सुधार, सामाजिक सुरक्षा, संरक्षण, र विकासका** कार्यक्रम सञ्चालन गर्न रु. २० लाख बजेट विनियोजन गरेको छु

## ६. खानेपानी, जलस्रोत तथा सिँचाई

तारकेश्वर गाउँपालिकाको एक घर एक धारा कार्यक्रम लगायत संघिय र प्रदेशको समन्वयमा अन्य खानेपानी आयोजनाहरुको लागी आवश्यक रकम विनियोजन गरेको छु ।

नविनतम प्रविधिको प्रयोगबाट व्यवसायिक कृषि प्रवर्द्धन र कृषकहरुलाई आवश्यक सिँचाई सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व वृद्दि गर्न तथा सम्पन्न भएका सिँचाई आयोजनाहरुको व्यवस्थित रुपमा सञ्चालन र मर्मत सम्भार गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## ७. युवा तथा खेलकुद

## ८. पुर्वाधार विकास(**सडक, भवन र अन्य पुर्वाधार**)

आर्थिक सामाजिक रुपान्तरणका लागि **व्यवस्थित सडक र पुर्वाधार तारकेश्वर विकासको आधार** भन्ने नारा चरितार्थ गर्न गाउँपालिकाको सबै भेगमा सडक सञ्जालको विस्तार र विकास गर्न लगानी वृद्धि गरेको छु ।

- तारकेश्वर गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्य पुर्ण गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- प्रदेश सरकारको समपुरक अनुदान मार्फत कार्यान्वयन हुने ६ नं. वडा कार्यालय हल्ले भमरा हुदैं डाँडाखर्क सडक पक्की नाली सहित स्तरोन्नति शिर्षकमा प्रदेश सरकार सँग समन्वयमा गर्न रु. १ करोड र कोलडाँडा खोलेवेसी सिम्ले बेसी पिमलटार उपल्लोडी सडक तारकेश्वर-२ शिर्षकमा प्रदेश सरकार सँग समन्वयमा गर्न रु. १ करोड विनियोजन गरेको छु ।
- वि.न.पा.-३ भिरपानी कुवापानी मजुवा सडक, वडा नं. ६ संघिय सरकार सँगको समन्वयमा स्तरोन्नती गर्न रु. १ करोड विनियोजन गरेको छु ।
- तारकेश्वर गाउँपालिका गौरबको आयोजनाको रुपमा रहेको चन्दनी, नेवारपानी, सिम्ले, दाङसिङ् सडकलाई बार्है महिना सवारी सञ्चालन गर्ने गरी स्तरोन्नती गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

पालिका भित्रको सडक निर्माण स्तरोन्नति, भवन निर्माण लगायतको पुर्वाधारको विकासको लागी रू. ८ करोड ४० लाख २५ हजार रकम विनियोजन गरेको छु।

## ९. **वडागत** चालु र पुजिगत **बजेट**

यस तारकेश्वर गाउँपालिका भित्र रहेका ६ वटै वडा हरुको प्रशासनिक कार्यको लागी प्रति वडा रु ६ लाख गरी जम्मा रु ३६ लाख रकम विनियोजन गरेको छु ।

## १०. संघीय सशर्त अनुदान रकम

संघीय सरकारबाट प्राप्त सशर्त अनुदान बापतको रकम रु १ करोड ६२ लाख १२ हजार सोही शिर्षकहरुमा बिनियोजन गरेको छु ।

## ११. संघीय सरकार विशेष अनुदान रकम

आ.व. २०८१/८२ को लागी संघीय सरकार विशेष अनुदान शिर्षकमा कुनै पनि रकम प्राप्त नभएको जानकारी गराउन चाहन्छु ।

## १२. प्रदेश सरकार सशर्त अनुदान रकम

प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान बापतको रकम रु. २ करोड ६१ लाख १५ हजार सोही शिर्षकहरुमा बिनियोजन गरेको छु ।

१३. प्रदेश सरकार विशेष अनुदान रकम

**"जोरघट्ट खानेपानी आयोजना वडा नं. २ "** को लागी प्राप्त प्रदेश सरकार विशेष अनुदानको रकम रु. ५८ लाख सोही शिर्षकमा विनियोजन गरेको छु ।

**तारकेश्वर गाउँपालिकाको बजेट संघिय सरकार बाट हस्तान्तरण प्रदेश सरकारबाट हस्तान्तरण संचितकोषको मौज्दात रकम र आन्तरिक आयको अनुमान गरि रू ४२,७०,५२,०००/- (बयालिस करोड सत्तरी लाख बाउन्न हजार रुपैंया मात्र) विनियोजन गरेको छु।**

**गाउँ सभाका अध्यक्ष ज्यु ,**

**गाउँ सभाका सदस्य ज्युहरु,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागी बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

आगामी आर्थिक वर्षका लागी अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये निम्नानुसार रहेका छन ।

| सि.नं. | आम्दानी शिर्षक | रकम रु. | अक्षरमा | कैफियत |
|---|---|---|---|---|
| संघिय सरकारबाट हस्तान्तरण हुने | | | | |
| १ | समानीकरण अनुदान रकम | ७,५०,००,०००/- | सात करोड पचास लाख रुपैयाँ मात्र | |
| २ | सशर्त अनुदान रकम | १६,२०,१२,०००/- | सोह्र करोड बिस लाख बाह्र हजार रुपैयाँ मात्र | |
| ३ | समपुरक अनुदान रकम | १,००,००,०००/- | एक करोड रुपैयाँ मात्र | |
| ४ | राजश्व बाडँफाँड रकम | ७,१५,००,०००/- | सात करोड पन्ध्र लाख रुपैयाँ मात्र | |
| प्रदेश सरकारबाट हस्तान्तरण हुने | | | | |
| १ | समानीकरण अनुदान रकम | ६५,६७,०००/- | पैसठ्ठी लाख सतसठ्ठी हजार रुपैयाँ मात्र | |
| २ | सशर्त अनुदान रकम | २,६१,१५,०००/- | दुई करोड एकसठ्ठी लाख पन्ध्र हजार रुपैयाँ मात्र | |
| ३ | समपुरक अनुदान रकम | २,००,००,०००/- | दुई करोड रुपैयाँ मात्र | |
| ४ | विशेष अनुदान रकम | ५८,००,०००/- | अन्ठाउन्न लाख रुपैयाँ मात्र | |
| ५ | राजश्व बाडफाँड रकम | १,६०,५७,९५०/- | एक करोड साठी लाख सन्ताउन्न हजार नौ सय पचास रुपैयाँ मात्र | |

| | | | | |
|---|---|---|---|---|
| ६ | गत बर्षको नगद मौज्दात | ४०,००,०५०/- | चालिस लाख पचास रुपैयाँ मात्र | |
| ७ | आन्तरिक आय/राजश्व | ३,००,००,०००/- | तीन करोड रूपैयाँ मात्र | |
| | **कुल जम्मा** | ४२,७०,**५**२,०००/- | **(बयालिस करोड सत्तरी लाख बाउन्न हजार रुपैंया मात्र)** | |

**गाउँ सभाका अध्यक्ष ज्यु ,**

**गाउँ सभाका सदस्य ज्युहरु,**

प्रस्तुत बजेटले समग्र तारकेश्वर गाउँपालिकाको सन्तुलित रुपमा सामाजिक आर्थिक विकास गर्दै गाउँपालिकाको सबलीकरण र सेवा प्रवाहमा सुधार भई सुशासन प्रवद्धनमा उल्लेखनिय सुधार हुने अपेक्षा गरेको छु।

प्रस्तुत बजेट तर्जुमाका क्रममा प्राप्त मार्गदर्शनका लागि गाउँपालिकाको अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, पालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरु, राजनीतिक दलहरु, निजि क्षेत्र, नागरिक समाज, सञ्चार जगतलाई हार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यस बजेटको कार्यान्वयनमा सबै तारकेश्वर बासिको महत्वपुर्ण साथ, सहयोग र सदभावको अपेक्षा सहित बिदा हुन चाहन्छु ।

**धन्यवाद !**

**अशोक तामाङ**

**वडा अध्यक्ष**

**तारकेश्वर गाउँपालिका- ५**